# KIAN हेल्लो खावासकी

अंग्रेजी, चिनियाँ, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली,
तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज
संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस्।
खावासाकी अन्तर्राष्ट्रिय संघ  २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं.: 044-435-7000  फ्याक्स नं.: 044-435-7010  https://www.kian.or.jp/  ईमेल : kiankawasaki@kian.or.jp

*********************************************************************************

## कार्यक्रम रद्द  अथवा स्थगितको बारे सूचना

### १. २०२० इन्टरनेसनल फेस्तिबल इन खावासाकी (खावासकी अन्तर्राष्ट्रिय महोत्सव)

हरेक वर्ष मनाउदै आइरहेको र यस वर्षको जुलाई ५ तारिखमा मनाउने योजना गरेको इन्टरनेसनल फेस्तिबल (अन्तर्राष्ट्रिय महोत्सव) कोरोना भाइरसको संक्रमण फैलिन नदिने उद्देश्यले रद्द गरिएको छ। यस निर्णय बाट हामी पनि दु:खी छौं, तर अर्को वर्ष रमाइलो सँग मनाउन पाउने छौं भन्ने आशा गरौं।

### २. भेटघाट तथा छलफल कार्यक्रम "पोल्याण्डको खाना पकाउने कार्यक्रम"

जुन ६ तारिखमा योजना गरेको पोल्याण्डको खाना पकाएर खाने भेटघाट तथा छलफल कार्यक्रम कोरोना भाइरसको संक्रमण फैलिन नदिने उद्देश्यले स्थगित गरिएको छ।

*********************************************************************************

## कोरोना भाइरसको संक्रमणको बारेमा जानकारी





### कम्पनीमा काम गर्ने विदेशीहरूका लागि

**कोरोना भाइरसको संक्रमणको कारणले गर्दा कम्पनीको आर्थिक व्यवस्थापन नराम्ररो भएको बेला पनि विदेशी भएको कारण देखाएर विदेशी कामदारहरूलाई जापानिजहरुलाई भन्दा खराब व्यवहार गर्नु पाउने छैन।**

१. कम्पनी भित्रको समस्याहरुको कारणले गर्दा कामदारलाई बिदा दिएको खण्ड जापानिज कामदारहरुलाई जस्तै विदेशी कामदारहरुलाई पनि कम्पनीले तिर्ने बिदा भत्ता तिर्नुपर्नेछ।

२. बच्चाहरुको विद्यालय बन्द भएको कारणले काममा बिदा लिनु पर्दा जापानिज कामदारहरुले जस्तै **वार्षिक सशुल्क बिदा** लिन पाउन सक्नु हुन्छ।

३. कामदारहरूको हकलाई सुरक्षित गर्न राज्यले कम्पनीहरूलाई दिने **अनुदान**लाई जापानिज कामदारहरुको लागि जस्तै विदेशी कामदारहरुको लागि पनि प्रयोग गर्नु पर्ने हुन्छ।

४. कम्पनीले विदेशी कामदारहरूलाई काम छोड्न बाध्य बनाउन सक्दैन।कम्पनीले विदेशी कामदारहरूलाई काम छोड्न लगाउदा **जापानिज कामदारहरुलाई जस्तै नियम अनुसरण छोड्न लगाउनु पर्ने हुन्छ।**

**यदि केहि थाहा नभएका प्रश्नहरू भएमा कृपया हामीलाई सम्पर्क गर्नुहोस्।**

- खावासाकी अन्तर्राष्ट्रिय केन्द्र  फोन नं.:044-4555-8811  इ-मेल: soudan39@kian.or.jp
- विदेशी कामदारहरूको लागि फोन बाट परामर्श ( जापानिज भाषा बाहेक अन्य ८ वटा भाषामा परामर्श सेवा उपलब्ध )
  https://www.check-roudou.mhlw.go.jp/soudan/foreigner.html

# खावासाकी वडा कार्यालयको सूचना काउन्टरमा उपलब्ध हुने विदेशी भाषाको बारे

**अप्रिल १ तारिख बाट खावासाकी वडा कार्यालयको सूचना काउन्टरमा अंग्रेजी र चिनियाँ भाषा बाट पनि सूचना उपलब्ध हुने भएको छ।**




**स्थान** : खावासाकी वडा कार्यालयको पहिलो तल्ला सूचना काउन्टरमा

**दिन र भाषाहरु :**

| समय (बिहान ८:३० - साँझ ५:१५) | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| अंग्रेजी | ● | | ● | ● | ● |
| चिनियाँ भाषा | ● | ● | | | ● |

* अंग्रेजी अथवा चिनियाँ भाषामा बोल्ने व्यक्ति नभएको बारहरु पनि छन्।

* अंग्रेजी अथवा चिनियाँ भाषा बाहेक अरु भाषाहरुको लागि "भाषा अनुवाद गर्ने एप" र "ट्याब्लेट प्रयोग गरेर खावासकी अन्तर्राष्ट्रिय संघको विदेशी भाषाको परामर्श सेवाको काउन्टरमा सम्पर्क गरेर" सहयोग गर्ने गरिन्छ।

**सुचनाको विषय बस्तुहरु:**

- वडा कार्यालयको काउन्टरहरु र कामहरुको बारे जानकारी
- जीवन निर्वाह गर्नको लागि चाहिने जानकारीहरु र प्रशासकीय प्रक्रियाहरू जस्ता सामान्य जीवन सम्बन्धित साधारण परामर्शहरु

*** टच प्यानल प्रणालीको हरेक तल्लाको निर्देशनहरु ६ वटा भाषाहरुमा हुने भएको छ।**



**सम्पर्क :खावासाकी वडा कार्यालय शहर विकास पदोन्नति विभाग सामान्य मामिला सेक्सन**
फोन नं. 044-201-3123／फ्याक्स नं. 044-201-3209

****************************************************************************************

# विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको कक्षा "तेराकोया"

जापानिज भाषा राम्ररी नआएर विद्यालयको पढाईमा समस्या परेको विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको लागि उपयुक्त ठाउँ सामुदायिक केन्द्रमा छ। यो विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको कक्षा "तेराकोया" मा जापानिज भाषाको साथै शैक्षिक क्षमता बढाउन पनि मद्दत गर्ने र शान्तसँग पढ्ने वातावरण भएको ठाउँ हो।




**स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, संघको बैठक कोठा

**शिक्षकहरु** :खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको कक्षा "तेराकोया" को स्वयंसेवकहरू

**सम्पर्क** : कावासाकी अन्तर्राष्ट्रिय केन्द्र फोन नं. 044-435-7000／फ्याक्स नं. 044-435-7010
* अहिले कोरोना भाइरसको संक्रमणलाई फैलिन नदिन केन्द्र बन्द गरिएको छ। पुन: संचालन सम्बन्धि जानकारीको लागि केन्द्रमा सम्पर्क गर्नुहोस्।

****************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा



**केहि प्रश्नहरु अथवा तपाईँलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि: शुल्क)**

★ अप्रिल १ तारिख बाट चिनियाँ भाषाको परामर्श सेवा सोमबार देखि शनिबार सम्म उपलब्ध छ।

★ अहिले यस केन्द्रको अनुवाद सेवा बन्द गरिएको छ।

**•परामर्श सेवाको समय (१०:०० देखि १२:०० र १:०० देखि ४:००)**

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली / उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

**•परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: 044-455-8811**

| भाषा | बार |
|---|---|
| चिनियाँ | सोमबार देखि शनिबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

*** प्रशासनिक अधिकृत द्वारा नि:शुल्क परामर्श सेवा**

**(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क )**

- **मिति र समय :** २०२०/६/२१ (आइतबार) र २०२०/७/१ (आइतबार) दिउँसो २:०० देखि ४:०० सम्म
  कोरोना भाइरसको संक्रमणलाई फैलिन नदिनको लागि परामर्श सेवा उपलब्ध हुने दिन परिवर्तन पनि हुन सक्ने भएकोले केन्द्रमा आउनु भन्दा अगाडि कृपया फोन बाट सम्पर्क गर्नु होस्।
- **स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको दोस्रो तल्ला संघको बैठक कोठा